# विद्यालयमा आधारित सुपरिवेक्षण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (एम.एड.) शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

नगेन्द्रप्रसाद दहाल
त्रि.वि.वि दर्ता नम्वर : १५९६४-९३
परीक्षा रोलनम्वर : २१४००५५
क्याम्पस रोलनम्बर : १४ - २०६१/०६२

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ्ग

२०६७, आश्विन

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत एम.एड् द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि विद्यालयमा आधारित सुपरिवेक्षण शीर्षकमा शोध कार्य गरी तयार गरिएको शोधपत्र हो । यो शोधपत्रवाट खास गरी सिन्धुपाल्चोक जिल्लामा विद्यालयमा आधारित सुपरिवेक्षण विषयमा चासो राख्ने सम्वन्धित निकायका अधिकारीहरू, शोधकर्ता तथा अन्य जिज्ञासु वर्गहरूलाई केही न केही पृष्ठपोषण मिल्ने आशा गरेको छु ।

यस अध्ययनको क्रममा शोधपत्र प्रस्ताव तथा अन्तर्वाता प्रश्नावली लगायत शोधपत्र तयार गर्ने कार्यसम्म आफ्नो व्यस्ततालाई पन्छाई आवश्यक निर्देशन तथा सुझाव दिई शोधपत्र तयार गर्न र यसरी तयार भएको शोधपत्रलाई शोध मूल्याङ्कन समितिमा स्वीकृतिका लागि सिफारिस गरिदिनु हुने आदरणीय गुरू श्री गणेशप्रसाद दहालज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । यसै गरी यस अध्ययनको क्रममा आफ्ना अमूल्य अनुभव तथा विचारहरूलाई प्रतिकृयाको रूपमा प्रश्नावलीमा व्यक्त गरिदिनु हुने जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोकका जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत, विद्यालय निरीक्षक, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका अध्यक्षज्यूहरू र विद्यार्थी भाई बहिनीहरूमा आभार प्रकट गर्दै धन्यबाद दिन चाहन्छु ।

यो अध्ययन पूरा गर्न पूर्णरूपमा सहयोग गर्नुहुने आदरणीय गुरू तथा विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ तथा श्री गणेशप्रसाद दहालज्यूको हौसला तथा प्रेरणा र अमूल्य सहयोगका लागि हार्दिक आभार प्रकट गर्दछु साथै मेरा अभिन्न मित्र श्री सीताराम कोइरालाले यो शोधपत्र तयार गर्न पुर्‍याउन भएको उल्लेखनीय सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।

२०६७, इन्द्रपुर, मोरङ्ग ।

शोधकर्ता

नगेन्द्रप्रसाद दहाल

एम.एड. द्धितीय वर्ष

# शोध सार

यस शोध अध्ययनको विषय बस्तु "विद्यालयमा आधारित सुपरिवेक्षण" रहेको छ । यस अध्ययनमा विद्यालयको सुपरिवेक्षणको अवस्था पहिचान गर्ने, सुपरिवेक्षणका समस्या पत्ता लगाई निराकरणका उपायहरु सुझाउने उद्देश्यहरू रहेको छ ।

उक्त अध्ययनको क्रममा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति, अभिभावक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षक, विद्यार्थीहरुका साथै समूह छलफलका लागि प्रश्नावली र विद्यालय अवलोकन फारम समेत प्रयोग गरिएको छ।

अध्ययन सिन्धुपाल्चोक जिल्लाका १९ वटा स्रोत केन्द्रमध्ये तीनवटा स्रोतकेन्द्रका एक/एकवटा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक विद्यालय गरी नौ वटा विद्यालय छनोट गरिएको छ । चारजना विद्यालय निरीक्षक, ३ जना स्रोतव्यक्ति, छ जना प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अठारजना शिक्षकहरु नमूनाको रुपमा लिइएको छ । यसबाट प्राप्त तथ्याङ्क र सूचनालाई चार्ट, तालिकामा प्रस्तुत गर्नुका साथै परिमाणात्मक र गुणात्मक व्याख्या र विश्लेषण गरिएको छ ।

अध्ययनबाट विद्यालय निरीक्षकहरू वर्षमा १.६७ पटक मात्र विद्यालय निरीक्षणका लागि गएको देखियो भने स्रोतव्यक्तिहरू २.५ पटक जाने गरेको पाइयो । ५० प्रतिशत विद्यालय निरीक्षक र ७५ प्रतिशत स्रोतव्यक्तिले मासिक कार्य योजना पेश गर्ने र सोही आधारमा प्रतिवेदन पेश गर्ने गरेको देखियो । काम अनुसार दण्ड र पुरस्कारको व्यवस्था नहुनु, सुपरिवेक्षण प्रतिवेदनको कार्यान्वयन नभएको, सुपरिवेक्षकसँग उच्च र विषयगत दक्षता नरहेको, भौतिक सुबिधाहरू ज्यादै न्यून रहेको, विद्यालयमा प्रशासनिक सुपरिवेक्षण बढी भएको पाइयो ।

विद्यालय क्षेत्र सुधार कार्यकमले कक्षा १ - ८ आधारभूत र कक्षा ९ - १२ लाई माध्यमिक शिक्षाको निश्चित संरचनामा एकीकृत गर्ने व्यवस्था भएको सन्र्दभमा हालको निरीक्षण व्यवस्थामा समेत थप स्तरोन्नती आवश्यक देखी मूलतः तीनओटा अनुगमन तथा मूल्याङ्कन पद्धति अवलम्बन गरिने जसमा नियम कानुन सङ्गत कार्यक्रम सञ्चालन भए नभएको लेखाजोखा गर्ने, लक्ष्यअनुरूप कार्य भए नभएको मापन गर्ने र अख्तियार गरिएका नीति/रणनीतिको क्षेत्रगत लक्ष्य र उद्देश्यमा

परेको प्रभाव मूल्याङ्कन लगायतको व्यवस्थाले सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउने कार्यनीति तथा रणनीति लिएको छ ।

सुपरिवेक्षणका क्रममा दिइएका पृष्ठपोषणको कार्यान्वयन भए नभएको अनुगमन ज्यादै न्यून देखियो, विद्यालय व्यवस्थापन समितिसँग भेटघाट तथा छलफल गर्ने कामले पनि प्राथमिकता नपाइरहेको र स्रोतव्यक्तिको तुलनामा विद्यालय निरीक्षकबाट प्रशासनिक सुपरिवेक्षण बढी र शैक्षिक सुपरिवेक्षण कम हुने गरेको देखियो ।

सुझावलाई तीन समूह नीतिगत, कार्यान्वयन र अनुसन्धान तहमा हेरिएको छ । नीतिगत तहमा सबै तह मन्त्रालय, विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयममा दरिलो अनुगमन संयन्त्र स्थापना गरिनु पर्ने, प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरी कार्य सम्पादनको आधारमा पदोन्नति र अवसरहरू प्रदान गर्ने नीति अवलम्वन गरिनु पर्ने, स्रोतव्यक्ति नियुक्ति शिक्षक सेवा आयोगद्वारा हुनुपर्ने, विद्यालय सुपरिवेक्षणको हालको बारम्बरतालाई बृद्धि गर्नुपर्ने, प्रशासनिक निरीक्षणको तुलनामा शैक्षणिक निरीक्षणलाई जोड दिनुपर्ने देखिन्छ ।

कार्यान्वयन तहमा जुन कामका लागि सुपरिवेक्षक नियुक्ति गरिएको हो, सोही काममा लगाउनु पर्ने, स्रोतकेन्द्रलाई स्रोतयुक्त बनाउनु पर्ने, समूह सुपरिवेक्षण प्रणाली लागू गर्न उपयुक्त हुने, विद्यालय निरीक्षक र स्रोतव्यक्तिले दिएको प्रतिवेदन समयमै कारवाही गर्ने व्यवस्था हुनुपर्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले खास गरेर विद्यालयको प्रशासनिक तथा शैक्षिक निरीक्षण गर्न सक्ने सामर्थ्य राख्नु पर्ने देखिन्छ । यसकोलागि अध्यक्ष र प्रधानाध्यापकले विद्यालयको समग्र पक्ष आर्थिक, भौतिक, शैक्षिक तथा वातावरणीय पक्षलाई समेत ध्यानमा राखी गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्न सक्षम हुनुपर्ने देखिन्छ ।

अनुसन्धान तहमा सुपरिवेक्षणलाई प्रभावकारी बनाउदै शिक्षण सिकाईमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्न सुपरिवेक्षक, शिक्षक तथा विद्यार्थीहरू गुणस्तरयुक्त बन्नु पर्दछ । बालकलाई कस्तो बनाउने, कस्तो शिक्षा दिने, कसरी विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षमता प्रदान गर्न समेतका लागि भैरहेको व्यवस्था आवश्यक सुधार तथा व्यवस्थापनको आवश्यकता पर्दछ ।

# विषय सूची

## परिच्छेद एक : परिचय


१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ८

१.४ अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धानात्मक प्रश्नहरु ९

१.६ अध्ययनको परिसीमा ९

१.७ अध्ययनमा प्रयोग भएका शब्दावलीहरुको परिभाषा र व्याख्या १०


## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १४ २.२

सैद्धान्तिक खाका १२

२.३ शैक्षिक उपादेयता २२


## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धान ढाँचा २४

३.२ तथ्यांक संकलन प्रकृया २४

३.२.१ जनसंख्या २४

३.२.२ नमूनाको आकार २४

३.२.३ नमूना छनोटको विधि २५

३.२.४ नमूना छनोटको आधारहरु २५

३.३ अनुसन्धानका साधन २५

३.४ तथ्यांकका स्रोतहरु २५
३.५ तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या २६

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ विद्यालयमा आधारित सुपरिवेक्षण २७
४.१.१ सिन्धुपाल्चोक जिल्लाको विद्यालय सुपरिवेक्षणको अवस्था २८
४.२ विद्यालय सुपरिवेक्षणका सम्बन्धमा कार्यनीति तथा रणनीति सम्बन्धी व्यवस्था ३५
४.३ विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएका कार्यनीतिहरू ३७
४.४ विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लेख भएका रणनीतिहरू ३८
४.५ विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू ४०
४.६ समस्या समाधानका उपायहरू ४३

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्तिहरु ४८
५.२ निष्कर्ष ५०
५.३ सुझावहरु ५१

सन्दर्भ सामग्रीहरू ५५ - ५७
अनुसुची

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका १ | नमूनाको आकार | २४ |
| तालिका २ | विद्यालय निरीक्षकले गरेको विद्यालय निरीक्षण अवस्था | २९ |
| तालिका ३ | स्रोतव्यक्तिको विद्यालय निरीक्षण नियमितता | ३० |
| तालिका ४ | स्रोतव्यक्तिको निरीक्षणको अवस्था | ३१ |
| तालिका ५ | प्रधानाध्यापक तथा शिक्षकहरूको विद्यालय निरीक्षणसम्बन्धी प्राप्त धारणा | ३२ |
| तालिका ६ | प्रधानाध्यापक तथा शिक्षकको नजरमा स्रोतव्यक्ति तथा वि.नि.को निरीक्षणको प्रकृति | ३३ |
| तालिका ७ | विद्यालय निरीक्षकसँग वि.व्य.समिति अध्यक्षको भेटको अवस्था | ३३ |
| तालिका ८ | स्रोतव्यक्तिसँग वि.व्य.समिति अध्यक्षको भेटको अवस्था | ३४ |
| तालिका ९ | विद्यार्थीको नजरमा वि.नि. तथा स्रोतव्यक्तिबाट भएको विद्यालय निरीक्षण | ३५ |
| तालिका १० | सुपरिवेक्षणको रणनीति तथा कार्यनीतिको सम्बन्धमा सरोकारवालाको धारणा | ४० |
| तालिका ११ | सरोकारवालाहरुको नजरमा सुपरिवेक्षणका समस्याहरु | ४१ |
| तालिका १२ | सरोकारवालाहरुको नजरमा सुपरिवेक्षणमा देखिएका समस्या समाधानका उपायहरु | ४४ |

# चित्रसूची

चित्र १ स्रोतव्यक्तिको विद्यालय निरीक्षण नियमितता ३०

चित्र २ प्रधानाध्यापक तथा शिक्षकहरूको सुपरिवेक्षणसम्बन्धी प्राप्त धारणा ३२

## छोटकरी शब्दको पूरा रुप

| | | |
|---|---|---|
| आ.प्रा.शि.प. | Z | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना |
| एम.एड्. | Z | मास्टर्स इन एजुकेशन |
| जि.शि.अ. | Z | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | Z | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.स. | Z | जिल्ला शिक्षा समिति |
| प्रा.वि.नि. | Z | प्राथमिक विद्यालय निरीक्षक |
| नि.मा.वि.नि. | Z | निम्न माध्यमिक विद्यालय निरीक्षक |
| मा.वि.नि. | Z | माध्यमिक विद्यालय निरीक्षक |
| रा.शि.प.यो. | Z | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि.नि. | Z | विद्यालय निरीक्षक |
| वि.व्य.स. | Z | विद्यालय व्यवस्थापन समिति |
| वि.क्षे.सु.यो. | Z | विद्यालय क्षेत्र सुधार योजना |
| बि.डि.ओ. | Z | ब्लक डेभलपमेन्ट अफिसर |
| क्षे.शि.नि. | Z | क्षेत्रीय शिक्षा निर्देशनालय |
| प्र.अ. | Z | प्रधानाध्यापक |